घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ३५ औं बैठकको निर्णयहरु**

मिति २०८१।६।२०

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।५।१९ गते बसेको गाउँ कार्यपालिकाको ३४औं बैठकमा १३ वटा निर्णयहरु भएकोमा बार्षिक समिक्षा गोष्ठी सम्पन्न भई सकेको, प्लास्टिक न्यूनीकरणका लागि पुनः प्रयोग हुने कपडाका झोलाहरु वितरण भएको, चाईना बोर्डर पासको व्यवस्थापन भईरहेको र अन्य निर्णयहरु कार्यान्वयनमा रहेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

बसपार्क सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपझोङ गाउँपालिका अन्तर्गत ३ र ४ नं. वडामा रहेको बसपार्क (२ वटा) संचालन गर्नको लागि मिति २०८०।८।१२ मा सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरिएकोमा पेश भएका दरभाउपत्रहरु मध्ये सबै भन्दा बढी अंक रु.२०,२५,०००।- बोलकबोल गरेका घरपझोङ-४ जोमसोम निवासी श्री सुरेश शेरचन संग तिन महिनाको भाडा बराबर हुन आउने धरौटी रकम रु.५,०६,२५०।- र सम्झौता अवधि भर (२ बर्ष) को भाडाको ५% ले हुने रकम रु.२,०२,५०० गरी जम्मा रु.७,०८,७५०।- बराबारको नगद रकम जम्मा गरी मिति २०८०।१२।१५ गते देखि कायम हुने गरी दुवै बसपार्क सञ्चालन गर्न यस गाउँ कार्यपालिकाको कार्यालय र श्री सुरेश शेरचन बिच दुई पक्षिय सम्झौता भएको । बसपार्क व्यवस्थापन गर्ने सम्बन्धमा सरोकारवालाहरु बिच पटक पटक बैठकहरु बसी निर्णय भएको साथै यस घरपझोङ गाउँ कार्यपालिका सदस्यज्यूहरु र कर्मचारी साथै नगर प्रहरीहरु परिचालन गरी निर्णय भए अनुसार यातायात सञ्चालन गर्ने व्यवसायीहरुको मुख्य टिकट काउण्टरहरु बसपार्क भित्र व्यवस्थापन भएको साथै तोकिएको साईजको एक यातायात व्यवसायीको एक मात्र टिकट काउण्टर बजार क्षेत्रमा व्यवस्थापन गरेको । साथै बसपार्क सञ्चालकको अनुरोध बमोजिम दुवै बसपार्कहरुमा थ्रिफेज विद्युत लाईन जडान भएको र सि.सि.क्यामेरा समेत जडान भएको । गाउँपालिकाबाट बसपार्कमा उपलब्ध गराउन सकिने सेवाहरुको व्यवस्थापन हुँदा समेत सञ्चालकले बसपार्कहरुलाई नियमित सञ्चालन गर्न पहल गरेको नदेखिएको साथै पटक पटक पत्राचार हुँदा समेत सम्झौतामा उल्लेख भए अनुसारको रकम कार्यालयमा नबुझाएको हुँदा यस कार्यालय र श्री सुरेश शेरचन बिच बसपार्क सञ्चालनको लागि मिति २०८०।१२।१२ मा मिति २०८०।१२।१५ देखि लागु हुने गरी भएको दुई पक्षिय सम्झौता आजको मिति २०८१।६।२१ गते

निर्णय प्रमाणित

०८१।०६।२०

देखि लागु हुने गरी रद्ध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै कार्यालयको अभिलेख अनुसार निजले हाल सम्म यस कार्यालयलाई तिर्नु पर्ने भाडा रकम रु.१०,४०,६२५।-, 10% जरिवाना रु.१,०४,०६३।- गरी जम्मा रु.११,४४,६८८।- श्री सुरेश शेरचनले कार्यालयलाई तिर्नु पर्ने देखिएकोले निजले धरौटी वापत राखेको रकम रु.७,०८,७५०।- बाट असुल उपर गर्ने व्यवस्था मिलाउने र अपुग रकम रु.४,३५,९३८।- असुल उपरको लागि नियमानुसारको प्रकृया अगाडी बढाउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

मुक्तिनाथ अन्नदान क्षेत्र श्रोत सुनिश्चितता सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

संघीय सरकारको स्वकृित ससर्त अनुदान तर्फको योजना **"मुक्तिनाथ अन्नदान क्षेत्र अतिथि भवन पूर्वाधार"** को लागि रु.९०,००,०००।- विनियोजन भएकोमा श्री मुक्तिनाथ सन्तसेवा आश्रम अन्नदान क्षेत्रको च.नं.०५ मिति २०८१।५।२६ गतेको प्राप्त बमोजिम उक्त संस्थाले यस गाउँपालिकाको धरौटी खातामा रु.१०,००,०००।- जम्मा गरी रु.१,००,००,०००।- को भएको लगत ईस्टिमेट अनुसार ठेक्का आह्वान गरिदिने र ठेक्का स्वीकृत हुँदा स्वीकृत रकम रु.९०,००,०००।- भन्दा बढी हुने रकम उक्त धरौटी रकमबाट भुक्तानी दिने गरी सहमति समेत दिएकोले सोही अनुसार गर्ने सर्वसम्मत निर्णय गरियो । साथै स्वीकृत रकम रु.९०,००,०००।- भन्दा बढी रकम भुक्तानी दिनु पर्ने अवस्था आएको खण्डमा उक्त रकम उल्लिखित धरौटी रकमबाट भुक्तानी दिने अधिकार कार्यालयलाई दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

मार्फा-छैरो बेलीबृज सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको मार्फा र छैरो बिच कालीगण्डकी नदीमा निर्माण भईरहेको बेली बृजको सम्बन्धमा छलफल हुँदा गाउँ कार्यपालिकाबाट स्वीकृत विस्तृत परियोजना प्रदिवेदन अनुसारको बजेट संघीय सरकारबाट प्राप्त हुन नसकेको र गाउँपालिकाको आर्थिक स्रोत समेत न्यून रहेको हुँदा प्राविधिकबाट पेश भए अनुसार ४.२ मिटर चौडाई रंगरोगन गरेको फलामको स्ट्रक्चरलाई स्वीकृत गर्ने र सोही अनुसार फलामको कार्य सम्पन्न गर्ने र आवश्यकता अनुसार अन्य सिभिल काम समेत गर्ने गरी तयार भएको लगत ईस्टिमेट रु.२,४०,००,०००।- बराबर कामको ठेक्का आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८१।०६।२०

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ५ :-**

विभिन्न विपद् व्यवस्था गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यही मिति २०८१।६।८ देखि १३ गतेको अविरल बर्षा लगायतका विपद्का कारण क्षति भएका तपसिल बमोजिमका क्षतिहरुको व्यवस्थापन तथा मर्मत संभारको लागि कार्यालयको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | क्षतिको विवरण | स्थान/ठेगाना | लगत ईस्टिमेट बमोजिमको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | न्याङसुङ खेतबारीमा बाढी पहिरोले सिंचाई कुलो र खेतबारीमा गरेको क्षति व्यवस्थापन गर्ने कार्य | जोमसोम | रु.३१,०००।- | |
| २ | स्याङमा कालीगण्डकी नदी नियन्त्रणको लागि डोजरले काम गरेका भुक्तानी | स्याङ | रु.३०,०००।- | |
| ३ | चिमाङ जाने लक्कीमा भासिएको बाटो मर्मत, डोजरले काम गरेको भुक्तानी | चिमाङ | रु.१२,०००।- | |

**प्रस्ताव नं. ६ :-**

विभिन्न मर्मत संभार सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमका संरचनाहरुलाई तुरुन्तै मर्मत संभार गर्नु पर्ने भएको हुँदा गाउँपालिकाको कार्यालयको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षक अन्तर्गतको बजेटबाट खर्च गर्ने गरी मर्मत संभार गरिदिने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | संरचना/गर्नु पर्ने कार्यको विवरण | स्थान/ठेगाना | लगत ईस्टिमेट बमोजिमको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजनिक शैचालय मर्मत तथा रंगरोगन । | जोमसोम पक्की पुल नजिकको | रु.६५,०००।- | |
| २ | मार्फा हेल्थपोष्टको मर्मत संभार | मार्फा | रु.१,६२,२८८।- | |

**प्रस्ताव नं. ७ :-**

प्रतिक्षालय निर्माण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

सर्वजनिक यातायातको व्यवस्थापन गर्ने सम्बन्धमा यात्रुहरुको सुविधाको लागि यात्रु प्रतिक्षालयको अति आवश्यक देखिएको हुँदा हाललाई पुथाङमा कृषि संकलन केन्द्रको उत्तर

निर्णय प्रमाणित ।
०८१।०६।२०

तर्फको खाली ठाउँमा आकर्षक डिजाईनको यात्रु प्रतिक्षालय निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो । उक्त प्रतिक्षालय निर्माण गर्न प्राविधिकको लगत ईस्टिमेटबाट लाग्ने रकम रु.२,७३,०००।- कार्यालयको आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण शिर्षकबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

सूचनामूलक होर्डिङ बोर्ड व्यवस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

गाउँपालिका क्षेत्र भित्रको ट्राफिक व्यवस्थापन, फोहरमैला व्यवस्थापन गर्ने, साथै विभिन्न सूचना र सन्देशमूलक जानकारी गराउने उद्देश्यले सूचनामूलक होर्डिङ बोर्ड यथाशीघ्र व्यवस्थापन गर्नु पर्ने देखिएकोले हाललाई २२ थान मेटलका बोर्डहरु तयार गरी व्यवस्थापन गर्नका लागि प्रविधिकको लगत ईस्टिमेट अनुसार रु.१,७९,०००।- रकम कार्यालयको विविध खर्च शिर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सोही प्रकारको सूचनामूलक होर्डिङ बोर्ड थप गर्नुपर्ने आवश्कता देखिएमा आगामी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी बोर्डहरु तयार गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

जोमसोम-कैसाङ मोटरबाटो सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यही मिति २०८१।६।८ गते देखि १३ गते सम्मको अविरल बर्षाका कारण जोमसोम-कैसाङ मोटरबाटोमा क्षति पुगेकोले मर्मतका लागि जिल्ला प्रशासन कार्यालयको सिफारिस सहित सैनिक उच्च शिखर शिक्षालय, कैसाङ्ग क्याम्प, मुस्ताङको पत्र प्राप्त भएकोले उक्त विषय उपर छलफल हुँदा सम्बन्धित सैनिक उच्च शिखर शिक्षालयबाट नै ग्याबिन जाली भर्नेगरी कार्यालयमा मौजदात रहेको ३X१X१ साइजको को १० थान र २X१X१ साईजको १० थान गरी जम्मा २० थान ग्याबिन जाली उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

सिन्तामनि मुस्ताङको व्यवसाय कर सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिका ३ नं. वडामा स्थापना भई सञ्चालनमा रहेको सिन्तामनि मुस्ताङले हाल सम्म कर नतिरेको सम्बन्धमा छलफल हुँदा उक्त होटललाई होटलको स्तर खुलाई विवरण माग भएकोमा हाल सम्म पनि विवरण उपलब्ध नगराएकोले, यस गाउँपालिकाको स्वीकृत आर्थिक ऐन, २०८१ को अनुसूची-१ को सि.नं. १ मा उल्लेख भएको तारे होटल कायम गरी

बार्षिक रु.१,५०,०००।- व्यवसाय कर उठाउने सर्वसम्मत निर्णय गरियो । साथै गत आ.ब. २०८०।८१को व्यवसाय कर समेत उक्त होटलले नतिरेको हुँदा नियमानुसारको जरिवाना सहित कर उठाउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

वडादशै र तिहारको बिदाको दिनमा स्वास्थ्य संस्थाहरु खोल्ने सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस बर्षको वडा दशै र तिहारको उपलक्ष्यमा हुने सार्वजनिक बिदाका दिनहरुमा यस गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरु र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु नियमित रुपमा आवश्यकता अनुसार स्वास्थ्य तर्फका कर्मचारी खटाई खुला गर्ने निर्णय गरियो । साथै बिदाका दिनहरुमा खटिएका कर्मचारीलाई नियमानुसारको सट्टा बिदा दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

अन्य विविध मर्मत संभार सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यही मिति २०८१।६।८ गते देखि १३ गते सम्म परेको अविरल बर्षाका कारण गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पूर्वाधारहरुमा क्षति पुगेको भन्ने पत्र प्राप्त भएको साथै जानकारी समेत प्राप्त भएकोले गा.पा. अध्यक्षज्यू एवंम् उपाध्यक्षज्यू, सम्बन्धित वडाका वडा अध्यक्षज्यू र प्राविधिकबाट स्थलगत रुपमा निरिक्षण गरी डोजर लगाई बाटो सुचारु गर्न मिल्ने साथै स-साना मर्मत संभार गर्दा स्थानीय जनसमुदायको जीवनयापनमा सहजता हुने अवस्था रहेमा तुरुन्तै कार्य अघी बढाउने र आगामी गाउँ कार्यपालिकाको बैठकमा जानकारी गराई भुक्तानी दिने गरि व्यवस्था मिलाउनको लागि कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

घर नक्सा सम्बन्धी मापदण्डको कार्यविधि, २०७५ सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

यस घरपझोङ गाउँपालिकाले तयार गरेको घर नक्सा सम्बन्धी कार्यविधि, २०७५ र गाउँपालिकाले तयार गरेको यातायात गुरुयोजना साथै मुख्य राजमार्ग संगको बाटोको मागदण्डहरु बाझिएको पाईएकोले पूर्वाधार विकास शाखाले सम्बन्धित निकायहरु तथा सरोकारवालाहरु संग छलफल गर्ने र कार्यविधिको विस्तृत रुपमा अध्ययन गरी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८१।०६।२०